स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས།
## कृषि विकास शाखा
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं.:

## कृषि विकास कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धि सूचना।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२७ गते**

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि ईच्छुक मापदण्ड पुगेका कृषक, कृषि समूह, कृषि फर्म र सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (२०८२/१२/१७ गते) मा यस हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | आवेदन पेश गर्न योग्य |
|---|---|---|
| १. | ५०% अनुदानमा फलफूल, मसलाबाली, नगदेबाली, डालेघाँस, औषधीजन्य, भू-क्षय नियन्त्रण गर्ने विरुवा वितरण कार्यक्रम | कृषक, कृषक समूह, कृषि फर्म र सहकारीहरुले आवेदन दिन सक्ने। |
| **क) फलफूल विरुवा अन्तर्गतः** कागती, सुन्तला, जुनार, एभोकाडो, मेवा, केरा, आँप, लिची, अम्बा, ड्रागन फ्रुट, स्ट्रबेरी, कटहर, अमला, मेकाडेमियानट | | **ख) मसलाबाली अन्तर्गतः** अलैंची, टिमुर, तेजपत्ता |
| **ग) नगदेबाली अन्तर्गतः** कफी, चिया, लोक्ता, बुद्धचित्त, रुद्राक्ष | | **घ) भू-क्षय नियन्त्रण अन्तर्गतः** अम्रिसो, निगालो, नेपाली बाँस, चाइनिज बाँस |
| **ङ) औषधीजन्य अन्तर्गतः** कुरिलो, सितलचिनी (मोरिङ्गा), चिराइतो, लोठसल्ला | | **च) डालेघाँस अन्तर्गतः** किम्बु, बडहर, भटमासे |
| **छ) सजावट/सुगन्ध दिने विरुवा अन्तर्गतः** कपुर | | |

**आवश्यक कागजातहरुः**

- अनुसुची-३ बमोजिम कार्यक्रम मागको निवेदन,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- चालु आ.व. २०८२/८३ साउन महिना पछि भुमि तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,

स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །
## कृषि विकास शाखा
हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८२/८३

सूचना नं.:

- कृषि समूह, सहकारी र फर्मको हकमा संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र करचुक्ताको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

**थप जानकारीको लागिः** हेलम्बु गाउँपालिकाको पेज तथा वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका कृषि विकास शाखा ९८६०१६८१२०, ९८४१०९५६७० मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसूची-३ हेलम्बु गाउँपालिकाको वेबसाईट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

.....................

बेनि बहादुर मोक्तान
प्रमुख प्रशासकीय अधिकृत